# उच्च अदालत विराटनगर

## इलाम इजलास इलाम

पत्र संख्याः- ०७८।०७९
चलानी नं.:-
प्राप्त प.स. र मितिः-

मितिः-२०७८।०४।१९

सूचना! सूचना!! सूचना!!!

हाल विश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढिरहेको र नेपालमा पनि तिब्र गतिमा यसको प्रभाव फैलिरहेको सन्दर्भलाई मध्यनजर गरि सोको जोखिम नियन्त्रण र रोकथामको लागि सरकारी कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८।०१।०६ मा आदेश जारी भएको र सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्ति अनुसार मिति २०७८।०३।१४ गतेसम्म यस अदालतबाट प्रवाह हुने सेवाहरूलाई संकुचन गरिएको र जिल्ला प्रशासन कार्यालय इलामले इलाम जिल्ला भरी लागू हुने गरी मिति २०७८।०४।२५ गतेसम्म निषेधाज्ञा जारी गर्ने भनी मिति २०७८।०४।१५ गते निर्णय गरी सूचना प्रकाशित गरेकोमा पुनः मिति २०७८/०४/१८ देखि २०७८/०४/२५ सम्म निषेधाज्ञा संसोधन र थप आदेश जारी गरेको साथै यस अदालतका कर्मचारी तथा सम्पर्कमा रहने केही कानून व्यवसायीहरु समेत कोभिड-१९ बाट संक्रमित रहनु भएको अवस्था हुँदा निषेधाज्ञा खुकुलो नभएसम्म देहाय बमोजिमका कामकारवाहीहरू मात्र यस अदालतबाट सुनुवाई हुने वेहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निर्णयहरू:-

१. देहाय बमोजिमको काम कारवाही र सेवाहरू यथावत सुचारू रहनेः-
   क। बन्दी प्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाई
   ख। पक्राउ पुर्जी जारी, जरूरी पक्राउ पुर्जी स्वीकृति र म्याद थप
   ग। अभियोगपत्र दर्ता र थुनछेकको कारबाही
   घ। कोभिड -१९ संग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाई
२. माथि उल्लेख गरिएदेखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य कामकारबाही र सेवाहरू स्थगन हुने ।
३. काम कारबाही र सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारेख नगुज्रने ।

०७८।४।१९

(युगेनकाजी बान्तवा)
शाखा अधिकृत
शाखा अधिकृत